जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

*कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।*

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः १२ पृष्ठः ४ | २०८३ बैशाख १७ बिहीबार (Thursday 30 April 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## सिरहामा मंगलबारबाटै 'राष्ट्रिय पोषण लेखाजोखा अभियान' सुरु



सिरहा, १६ बैशाख। सिरहामा बालबालिकाका पोषणको अवस्था पत्ता लगाउन 'राष्ट्रिय पोषण लेखाजोखा अभियान' सुरुभएको छ। बालबालिकाको पोषण सुधारका लागि देशभर 'राष्ट्रिय पोषण लेखाजोखा अभियान' सञ्चालन गरेको हो। दलित विकास मञ्च गोलबजारले हेलेन केलर ईन्टरनेशनलको आर्थिक सहयोग तथा पालिकाहरूको समन्वयमा संचालित 'जिवनका लागि पोषण कार्यक्रम' अन्तरगत सिरहा १७ ओटै पालिकामा हजार दिनका आमाहरुसहित बालबालिकाको पोषणको अवस्था पत्ता लगाउन 'राष्ट्रिय पोषण लेखाजोखा अभियान' सुरुगरेको हो।मञ्चका कार्यकारि निर्देशकले बालबालिकाको उचाई र तौल साथै पाखुराको मध्य भागको परिधि नापेर पोषणको अवस्था पत्ता लगाउन जिल्ला भरि अभियान सुरु भएको बताए। लेखा जोखा अभियानमा ६ महिनादेखि ५९ महिनासम्मका करिब ६० हजार बालबालिकाहरूको तथा सुनौलो हजार दिनका आमाहरू करिब १४ हजारलाई पोषण अवस्था जाँच गरी शीघ्र कुपोषणको समयमै पहिचान र उपचार गर्न सहयोग पुग्ने बताए। उनले आज वैशाख १५ देखि ३० गतेसम्म सञ्चालन हुने जानकारी दिए।

यस अभियानअन्तर्गत महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका वा नजिकैको स्वास्थ्य संस्थामार्फत घर घरमै पुगेर बालबालिकाको पाखुराको मध्य भागको परिधि नापेर पोषणको स्थिति पत्ता लगाउने बताए। कार्यकारी निर्देशक महराले बहिरङ्ग सेवा मार्फत 'तयारी उपचारात्मक खाना' निःशुल्क उपलब्ध गराइने जानकारी दिए।

अभियान स्वास्थ्य संस्था तथा खोप केन्द्रहरु, सामुदायिक क्लिनिक, वडा कार्यालय, सामुदायिक भवन तथा प्रारम्भिक बाल विकास केन्द्रहरुमा सञ्चालन हुने नेपाल सरकार को योजना रहेको छ।

## ब्राउनसुगरजस्तो देखिने पदार्थसहित एक पक्राउ

**मणिलाल विश्वकर्मा**

लहान, १६ बैशाख। सिराहाको गोलबजारबाट प्रहरीले कडा खालको मानिने प्रतिबन्धित लागुऔषध ब्राउनसुगरजस्तो देखिने पदार्थसहित स्थानीय एक युवकलाई पक्राउ गरेको छ। सिराहा प्रहरीका अनुसार ब्राउनसुगरजस्तो पदार्थ बिक्री–वितरण गरिरहेको गोप्य सूचनाको आधारमा इलाका प्रहरी कार्यालय गोलबजारबाट खटिएको प्रहरीले गोलबजार– ६ स्थित घरबाट करिब २५ वर्षीय शेखरकुमार साहलाई पक्राउ गरेको हो।

प्रहरीले खानतलासीको क्रममा साहको घर–कोठाबाट लुकाएर राखेको ६ ग्राम ६३० मिलिग्राम र नगद ३८ हजार ३८५ रुपैयाँसमेत बरामद भएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ। गोलबजार प्रहरी प्रमुख प्रहरी निरीक्षक सुदन केसीका अनुसार पक्राउ गरिएका साहलाई गोलबजार प्रहरीमा राखेर थप अनुसन्धान गरिरहेको छ।

जिल्ला प्रहरी कार्यालय सिराहाको तथ्यांकअनुसार पछिल्लो चैत महिनामा मातहतका जिल्लाका विभिन्न प्रहरी युनिट र जिल्ला प्रहरीको टोलीले प्रतिबन्धित लागुऔषधसहित नौजना पक्राउ गरी ६ जनाविरुद्ध मुद्दा चलाएको छ। पछिल्लो महिना ५० ग्राम ७२५ मिलिग्राम ब्राउनसुगर, १९ किलो १४० ग्राम गाँजा, अनरेक्स २० र पाइरोनेक्स आठ बरामद भएको प्रहरीको तथ्यांकमा उल्लेख छ।

## भन्सार नीति कडाइका साथ कार्यान्वयन गर्न सिरहाका व्यवसायीको माग

सिरहा, १५ वैशाख। सीमावर्ती क्षेत्रका नागरिकहरू किनमेलका लागि भारतीय बजारमा निर्भर हुँदा नेपाली व्यवसाय धराशयी बन्दै गएको उल्लेख गर्दै सिरहाका व्यवसायीहरूले चिन्ता व्यक्त गरेका छन्। जिल्ला उद्योग वाणिज्य सङ्घ सिरहा, लहानले आज लहानमा आयोजना गरेको 'नवनिर्वाचित प्रतिनिधिसभा सदस्यहरूको स्वागत तथा सम्मान' कार्यक्रममा व्यवसायीहरूले आफ्ना समस्या राख्दै सांसदमार्फत सरकारको ध्यानाकर्षण गराएका हुन्।

सरकारले रु १०० भन्दा बढी मूल्यका सामानमा भन्सार लगाउने नीतिको स्वागत गर्दै व्यवसायीहरूले यसलाई कडाइका साथ कार्यान्वयन गर्न माग गरेका छन्। सङ्घका जिल्ला अध्यक्ष प्रदीपकुमार गुप्ताले विना भन्सारका सामान आयातमा पूर्ण रोक लगाउनुपर्ने र भन्सार दर घटाएर नेपाल–भारतबीचको सामानको मूल्यमा रहेको अन्तरलाई कम गर्न (मूल्य समायोजन) जोड दिनुभयो।

सिरहा क्षेत्र नं. २ का प्रतिनिधिसभा सदस्य शिवशङ्कर यादवले सरकारले खुला र उदार अर्थतन्त्रलाई प्रोत्साहन गर्ने नीति लिएको बताउनुभयो। उहाँले भन्नुभयो, "आर्थिक अभाव भएका विपन्न समुदाय घरायसी प्रयोजनका लागि भारतीय बजारमा निर्भर भए पनि खुला सीमाको फाइदा उठाएर हुने अवैध निकासी र तस्करी विरुद्ध सरकारले शून्य सहनशीलताको नीति लिएको छ।"

सिरहा क्षेत्र नं. १ का प्रतिनिधिसभा सदस्य बब्लु गुप्ताले व्यवसायीहरूका गुनासा र चिन्ताप्रति आफू गम्भीर रहेको बताउँदै ती समस्या समाधानका लागि सम्बन्धित निकाय र सदनमा पहल गर्ने आश्वासन दिनुभयो। व्यवसायीहरूले आन्तरिक उत्पादनलाई प्रोत्साहन गर्ने वातावरण बनाउन र सीमा नाकामा हुने तस्करी नियन्त्रण गरी स्वदेशी लगानी सुरक्षित गर्न नवनिर्वाचित सांसदहरूसँग आग्रह गरेका छन्।




GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

**सार्वजनिक सेवा लिंदा ध्यान दिऔं।**

- आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
- आवश्यक कागजात र प्रक्रिया पूरा गरौं,
- नागरिक बडापत्रका बारेमा जानकारी राखौं,
- आधिकारिक सेवाप्रदायकबाट मात्र सेवा लिऔं,
- सेवा प्राप्त गर्दा बिचौलियाको प्रयोग नगरौं,
- सकेसम्म अनलाईनबाटै सेवा लिने र दिने गरौं,
- जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिलाई प्राथमिकता दिऔं,
- सेवा प्रवाहमा समस्या भएमा सम्बन्धित निकायमा सम्पर्क गरौं,
- अनियमितता र भ्रष्ट्राचारविरूद्ध सम्बन्धित निकायमा उजुरी गरौं,
- सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## रास्वपा सरकारको पनि संसद् छल्ने नियत !

संसद्को अधिवेशन बोलाउन लगाएलगत्तै स्थगित गराउन लगाउँदा पनि धेरैले सरकारको नियतमा शंका गरेका थिएनन्। प्रतिनिधि सभामा करिब दुई तिहाइ बहुमत भएको मन्त्रिपरिषद्ले अनुभवहीनताका कारण अल्लारे गल्ती गरेको हुनसक्ने अनुमान लगाइएको थियो। प्रधानमन्त्री बालेन्द्र शाहको सरकारले भने नियतवश नै संसद्को अधिवेशन स्थगित गराएको रहेछ। आह्वान गरिसकिएको अधिवेशन स्थगित गरेर सरकारले त संवैधानिक परिषद्सम्बन्धी अध्यादेश जारी गराउँदा सरकारको नियतमै खोट देखिन पुगेको छ। संसदीय लोकतन्त्र विश्वमै उत्कृष्ट शासन प्रणाली मानिनुको कारण यसका विधि, प्रक्रिया, मूल्य र अभ्यासहरूको लामो परम्परा हो। यसैले संसदीय बहुमतबाट गठन हुने मन्त्रिपरिषद्ले संसदीय मूल्यको अवज्ञा नगर्ने अपेक्षा गरिएको हुन्छ। पुराना राजनीतिक दलहरूले संविधान र विधिको मर्मअनुसार शासन नगरेको भन्दै सुशासनको नारा दिएर राष्ट्रिय स्वतन्त्र पार्टी ९रास्वपा० चुनावमा गएको थियो। रास्वपाका नेताहरूलाई विश्वास गरेर जनताले ठूलो बहुमत पनि दिए।

विडम्बना, रास्वपाको सरकारले भने मधुमास अवधिमै संसदीय अभ्यास र मूल्यमा गम्भीर प्रहार गरेर जनादेश र संसदीय लोकतन्त्रकै उपहास गरिदियो । महिना दिन पनि नपुग्दै संसद्को बजेट अधिवेशन बोलाउनै पर्ने अवस्थामा अध्यादेश जारी गराउनु अलोकतान्त्रिक चरित्र हो। विसं २०७४ को निर्वाचनपछि कम्युनिस्ट गठबन्धनलाई पनि नेपाली जनताले यस्तै बहुमत दिएका थिए। नेकपाका दुई घटक एमाले र माओवादी मिलेर पछि नेकपा बनाइयो। त्यो नेकपा ९नेकपा० भनेर चिनिने पार्टीको पनि प्रतिनिधि सभामा यस्तै ठूलो बहुमत थियो।

तत्कालीन नेकपा अध्यक्ष खड्गप्रसाद ओली प्रधानमन्त्री नियुक्त भए। प्रतिनिधि सभामा दुई तिहाइ करिब बहुमत भएको ओली मन्त्रिपरिषद्ले संविधान र लोकतान्त्रिक मान्यताहरूको जगेर्ना गर्ने जनअपेक्षाविपरीत उल्टै अवज्ञा गर्न थाल्यो। अहिलेको रास्वपा सरकारले जस्तै संसद् अधिवेशन स्थगित गराएर अध्यादेश जारी गराउने र निष्कण्टक शासन चलाउने लोभमा तत्कालीन प्रधानमन्त्री ओलीमा जाग्यो। ओलीको यही सर्वसत्तावादी प्रवृत्ति अन्ततः पार्टी विभाजन, संसद् विघटन र अन्ततः शासकीय दुर्घटनामा पुग्यो। पछिल्ला दुवै संसद्को विफलता र बदनामीका मूल कारण विधि, प्रक्रिया, मूल्य, मान्यताको मर्यादा नगर्ने र रकमी तर्कमा भरमा आफ्नो गलत कामको औचित्य सिद्ध गर्न खोज्ने ओली हठ नै हो। वास्तवमा यो ओली हठ पुराना पार्टीका नेताहरूकै साझा अवगुण बन्न पुगेको थियो। ओली प्रवृत्तिले जन्माएको जनआक्रोशको लाभ उठाउन सफल राष्ट्रिय स्वतन्त्र पार्टी र यसका वरिष्ट नेता प्रधानमन्त्री बालेन्द्र शाहले पनि त्यही बाटो समातेको देखिनु दुःखद विसङ्गति हो। संयोग, प्रधानमन्त्री शाहले पनि संवैधानिक परिषद्कै कानुन संविधानको मर्मविपरीत हुनेगरी संशोधन गर्न अध्यादेश जारी गराउन खोजे ।

संवैधानिक परिषद्को परिकल्पना नै सामान्यतया प्रधानमन्त्रीको एकल बहुमत नहुने गरी गरिएको छ। राज्यका तीनैवटा प्रमुख अङ्गको प्रतिनिधित्व हुने र विपक्षी नेतासमेत सदस्य रहने संरचना बनाउनुको अर्थ संवैधानिक निकायहरू स्वतन्त्र रहुन् र सरकारप्रति होइन राज्यप्रति उत्तरदायी बनुन् भन्ने नै हो। ओलीको आलोचना मूलतः उनको विधिमाथि नै शासन गर्न खोज्ने र संविधानको अक्षर र भावना दुवै मिच्ने प्रयत्नका कारण धेरै भएको हो। विडम्बना, ओलीविरुद्ध चुनाव लडेर जितेका बालेन्द्र शाह पनि अन्ततः ओलीपथकै अनुयायी बन्न पुगेको देखियो। अर्को विडम्बना, अहिले प्रस्तावित प्रकृतिको विधेयक संसद्ले पारित गर्दा राष्ट्रपति रामचन्द्र पौडेलले फिर्ता पठाएका थिए। यद्यपि, मन्त्रिपरिषद्ले सिफारिस गरेको अध्यादेश राष्ट्रपतिले जारी गर्नुपर्ने संवैधानिक व्यवस्था छ।

संवैधानिक परिषद् कब्जा गर्ने ओलीको प्रयत्न नै संसद् विघठन र पुनःस्थापना हुँदै अन्ततः गत भदौ २३–२४ को दुर्घटनामा परिणत हुनपुगेको हो। प्रधानमन्त्री बालेन्द्र शाह पनि त्यही बाटामा लाग्ने हो भने परिवर्तनको जनादेशप्रति त धोका हुनेछ नै देशको नियति पनि उस्तै हुनसक्छ। संवैधानिक निकायमा गरिने नियुक्तिहरूको नामावली बेलैमा सार्वजनिक गर्ने र उपयुक्त प्रक्रिया अपनाई योग्य र विवादरहित व्यक्तिलाई छनोट गर्ने हो भने सम्भवतः संवैधानिक परिषद्का सदस्यहरूमा विरोध गर्ने आँट र कारण पनि हुनेछैन। यसैले संविधानको भावनावपरीत कानुन संशोधन गर्न होइन उत्तरदायी र पारदर्शी प्रक्रिया अपनाउनु उचित हुन्छ। विगतमा यही संरचनाका कारण संवैधानिक परिषद्का निर्णयहरू भागबन्डामा आधारित हुनपुगेको कटु यथार्थ पनि बिर्सनु हुँदैन। यही नियति छल्नका लागि एकलौटी निर्णय गर्ने कानुनी उपाय खोज्न अध्यादेश जारी गर्न खोजिएको हो भने पनि त्यो उपाय र बाटो दुवै गलत हुन्छ। रास्वपा संसदीय मूल्यको अवज्ञा नहोस् भन्ने चाहन्छ भने अध्यादेश फिर्ता लिन सरकारलाई निर्देश गर्नुपर्छ। संसद् छलेर शासन गर्ने यो प्रवृत्ति रास्वपाको लागि पनि कसी हो।

# वि.सं. २०८२ को सामाजिक राजनीतिक रेखाचित्र

### यसरी 'एल्गोरिदमको सत्य' र 'समाजको विश्वास' बीचको दूरी २०८३ को पनि प्रमुख द्वन्द्वका रूपमा उभिएको छ



दधिराम नेपाल

वि.सं. २०८२ मा नेपालमा प्रविधिको तीव्र विस्तारसँगै गहिरो द्वन्द्व पनि देखापर्‍यो। कट्टरपन्थी ( र्‍याडिकल) राजनीतिले डिजिटल आकांक्षा अघि सार्दा परम्परागत राजनीतिले समाजलाई पुरानै दूरीमा राखिरह्यो। यसले सामाजिक–राजनीति प्रविधि–राजनीतिका रूपमा प्रकट भयो जहाँ प्रविधि सेवामात्र नभई सामाजिक सम्बन्ध र राजनीतिक विश्वासबीचको असन्तुलन देखाउने माध्यम पनि बन्यो ।

दैनिक अनुभवले यो विरोधाभास झन् स्पष्ट पार्छ। मौसमी सूचना मोबाइलसम्म पुग्यो तर किसानसम्म सन्दर्भगत ज्ञान पुगेन। क्युआर कोडमार्फत कारोबार सहज भए पनि प्राविधिक कारणले रकम अड्किँदा २४ घन्टादेखि ४५ दिनसम्म प्रतीक्षा गर्नुपर्ने अवस्था आयो। यस्तो त्रुटिले जीवन नै अवरुद्ध हुन सक्छ जसले अन्ततः प्रणालीप्रतिको विश्वास घटाउँछ। निर्वाचनमा प्रविधिले गणनाको विश्वसनीयता बढायो तर राजनीतिक विश्वासको सङ्कट समाधान गर्न सकेन। भदौ २३–२४ का घटनाले सामाजिक–राजनीतिक असन्तुलन थप उजागर गरे। यसले के बुझाउँछ भने प्रविधि प्रक्रियागत सुधारको माध्यममात्र हो। विश्वास पुनर्स्थापनाका लागि राजनीतिक संस्कार र संरचनागत सुधार नै आवश्यक हुन्छन्।

वि.सं. २०८२ मा प्रविधि–राजनीति प्रविधिको विस्तारमा मात्र सीमित रहेन। यो आफ्नै सीमा र प्रभावप्रति सचेत हुने मोडमा प्रवेश गर्‍यो। पृष्ठभूमिमा देखिएका अनुभवहरूले प्रविधि आफैँ समाधान नभएर विद्यमान संरचनाहरूको परीक्षण गर्ने माध्यममात्र हो भन्ने देखाए। डिजिटल पहुँचको विस्तारले समानता स्वतः सुनिश्चित गर्दैन। पहुँच र प्रयोगबीचको अन्तर सामाजिक, शैक्षिक र सन्दर्भगत आधारसँग गहिरो गरी जोडिएको हुन्छ। त्यसैले डिजिटल खाडल अब पूर्वाधारको प्रश्नमात्र रहेन यो ज्ञान र सहभागिताको संरचनागत असमानताको संकेत बन्यो।

प्रविधिको तीव्र गतिले संस्थागत संरचनालाई स्वतः रूपान्तरण गर्दैन भन्ने यथार्थ पनि स्पष्ट भयो। सुधारको सम्भावना देखिए पनि त्यसलाई संस्थागत व्यवहारले ग्रहण नगर्दा प्रविधि आफैँ खुम्चिन पुग्यो। यसले प्रविधि–राजनीतिलाई एउटा गहिरो निष्कर्षतर्फ डोर्‍यायो – प्रविधि परिवर्तनको साधन हुन सक्छ तर आधार होइन। निर्वाचन प्रणालीको अनुभवले एउटा महत्त्वपूर्ण प्रश्न उठाएको छ – के प्रक्रियाको शुद्धताले सम्बन्धको भरोसा निर्माण गर्न सक्छ ? उत्तर स्पष्टरूपमा 'नकारात्मक' देखियो। राजनीतिक विश्वास प्रविधिको कार्यक्षमताबाट मात्र होइन बरु उत्तरदायित्व, निरन्तरता र सम्बन्धबाट निर्मित हुन्छ। यही सन्दर्भमा जब भदौ २३–२४ का सामाजिक–राजनीतिक घाउहरू डिजिटल अभिलेखमा अस्पष्ट वा अनुपस्थित रहन्छन् तब 'के प्रविधिले नै के सम्झने र के बिर्सने भन्ने निर्धारण गर्ने हो?' भन्ने प्रश्न उब्जन्छ।

यसरी २०८२ मा प्रविधि–राजनीतिले पहिलोपटक आफ्नो भूमिकालाई पुनर्परिभाषित गर्न थाल्यो। प्रविधिलाई समाधानको अन्तिम रूप नभई समाजभित्रका असन्तुलन र अधुरा संरचना उजागर गर्ने दर्पणका रूपमा बुझ्न थालियो। यही चेतनाले प्रविधिप्रतिको अन्धविश्वास कम गर्दै यथार्थपरक दृष्टिकोणतर्फ उन्मुख गरायो। प्रविधि–राजनीतिले आफ्ना केही सीमा बुझ्न थाले पनि समाजका गहिरा यथार्थहरू अझै यसको दृष्टिभन्दा बाहिरै रहे। प्रविधिले जहाँ समस्या देख्न सक्थ्यो त्यहाँ प्रश्न उठायो। तर जहाँ समस्या संरचनागत, भावनात्मक र स्थानीय थियो त्यहाँ यो मौन रह्यो। यही मौनले यसको वास्तविक सीमालाई अझ स्पष्ट बनायो।

डिजिटल नियमनको विस्तारसँगै एउटा स्पष्ट विरोधाभास देखापर्‍यो। भर्चुअल संसारमा नियन्त्रण बढ्दै गयो तर वास्तविक जीवनका असुरक्षाहरू भने यथावत् रहे। सामाजिक सञ्जालमा रिपोर्ट, ब्लक र नियमनका संयन्त्रहरू सक्रिय भए पनि सडक, चोक र घरआँगनमा हुने अपमान, हिंसा र असमान व्यवहारका लागि कुनै प्रभावकारी प्रणालीगत प्रतिक्रिया विकसित हुन सकेन। यसले के देखायो भने प्रविधिले समस्या ठम्याउन त सक्छ तर त्यसलाई सामाजिक व्यवहारमा रूपान्तरण गर्ने क्षमता अझै कमजोर छ। डाटा–केन्द्रित शासनको विस्तारसँगै विश्वास निर्माणको प्रश्न झन् जटिल बन्दै गयो। राज्यले सूचना सङ्कलन र डिजिटल अभिलेखमा जोड दियो तर नागरिकसँगको सम्बन्धमा पारदर्शिता र उत्तरदायित्वको अभाव कायम रह्यो। डाटा बढ्यो तर भरोसा बढेन। प्रणाली विस्तार भयो तर वैधता सुदृढ भएन। उदाहरणका लागि ऋण स्वीकृति वा डिजिटल स्कोरिङ प्रणालीहरूमा 'एल्गोरिदमको सत्य' सही हुन सक्छ तर त्यसले नागरिकको वास्तविक अवस्था वा सन्दर्भलाई सधैँ प्रतिनिधित्व गर्दैन। यसले स्पष्ट पार्छ प्रविधिले शासनलाई सक्षम बनाउन सक्छ तर विश्वास निर्माणको आधार अझै पनि राजनीतिक संस्कार र संस्थागत आचरणमै निर्भर रहन्छ।

सबैभन्दा गहिरो मौन डिजिटल निर्भरतासँगै देखियो। नागरिकको अस्तित्व प्रविधिसँग गाँसिँदै जाँदा पनि त्यसको विकल्पबारे कुनै गम्भीर विमर्श भएन। इन्टरनेट वा प्रणालीमा अवरोध आउँदा दैनिक जीवन नै ठप्प हुने अवस्था आयो। यसले डिजिटल नागरिकताको अवधारणालाई चुनौती दिँदै नयाँ प्रश्न उठायो – प्रणाली बन्द भयो भने नागरिकको हैसियत कहाँ रहन्छ? प्रविधि–राजनीतिले पहुँच त विस्तार गर्‍यो तर अफलाइन अधिकार र वैकल्पिक संरचनाको सुनिश्चिततामा भने मौन रह्यो। विसं २०८२ मा प्रविधि–राजनीतिले केही असन्तुलनहरू पहिचान गरे पनि समाजका गहिरा असुरक्षा, विश्वासको संकट र भौतिक यथार्थसँग जुध्ने क्षमतामा यो अपूर्ण देखियो। यसको ठूलो कमजोरी भनेकै प्रविधिले देखाएका समस्यालाई सामाजिक र राजनीतिक समाधानमा रूपान्तरण गर्नुको सट्टा अवलोकनमा सीमित रहनु हो। यो आफैँमा डिजिटल समाधानको बुझाइप्रतिको विडम्बना बन्यो ।

विसं २०८२ को प्रविधि–राजनीतिलाई समग्रमा हेर्दा पूर्वाधारको विस्तार तीव्र तर संस्थागत परिपक्वता कमजोर देखिन्छ। डिजिटल प्रणाली विस्तार भए पनि त्यसलाई धान्ने नीति, प्रक्रिया र उत्तरदायित्वका संरचनाहरू समान गतिमा विकास हुन सकेनन्। फलस्वरूप, यो 'पूर्वाधार–केन्द्रित तर संस्थागतरूपमा कमजोर' चरित्रका रूपमा प्रकट भयो। प्रविधि र समाजबीचको सम्बन्धमा पनि असन्तुलन देखियो। प्रविधि दैनिक जीवनको केन्द्रमा प्रवेश गरे पनि यसको प्रयोग, बुझाइ र स्वीकार्यता सबै तहमा समान छैन। पहुँच विस्तार भए पनि उपयोगको दायरा सीमित रहनु, गति बढे पनि प्रक्रियागत लचकता नआउनु र पारदर्शिता बढे पनि विश्वास कमजोर रहनुले प्रविधि र सामाजिक यथार्थबीचको तालमेल अधुरो रहेको पुष्टि गर्छ। यसले प्रविधिलाई समाधानको साधन मात्र नभई नयाँ प्रकारको असमानता उत्पादन गर्ने माध्यमका रूपमा समेत उभ्याएको छ ।

यस परिप्रेक्ष्यमा, २०८२ को प्रविधि–राजनीतिलाई उपलब्धि वा असफलताको द्वन्द्वमा मात्र सीमित गर्नु पर्याप्त हुँदैन। बरु यसलाई एउटा संक्रमणकालीन अवस्थाका रूपमा हेर्नुपर्छ जहाँ सम्भावना विस्तार त भइरहेको छ तर त्यसलाई न्याय र संस्थागत स्थायित्वसँग जोड्ने प्रक्रिया अझै निर्माणकै चरणमा छ। यही असन्तुलनले आगामी बहस र नीतिगत पुनर्संरचनाका लागि आधार तयार गरिरहेको छ। यसै सन्दर्भमा आगामी चरणका लागि केही आधारभूत संरचनागत हस्तक्षेपहरू अपरिहार्य देखिन्छन् – डिजिटल पहुँचको अर्थपूर्ण प्रयोग मापन गर्ने समावेशिता सूचकहरूको विकास, प्रणाली अवरुद्ध हुँदा सेवा निरन्तरता दिने वैकल्पिक संरचनाको निर्माण र प्रत्येक डिजिटल प्रणालीको प्रभाव तथा विश्वास मूल्यांकन गर्ने स्वतन्त्र सार्वजनिक 'प्रविधि लेखापरीक्षण'को अभ्यास। यी उपायबिना प्रविधिको विस्तारले देखाएको सम्भावना न्यायसंगत परिणाममा रूपान्तरण हुन कठिन छ ।

विसं २०८२ का अनुभवहरूले प्रविधि–राजनीतिलाई गति र दक्षताको सीमाभित्र मात्र बुझ्न सकिँदैन भन्ने स्पष्ट संकेत दिएका छन्। अब यसको पुनर्परिभाषा आवश्यक छ जहाँ प्रविधि उपकरणमात्र नभई सामाजिक न्याय, राजनीतिक उत्तरदायित्व र संस्थागत विश्वाससँग गाँसिएको संरचना बनोस्। प्रविधिलाई 'कति छिटो चल्छ' भन्ने प्रश्नबाट निकालेर 'कसका लागि चल्छ र कस्तो परिणाम दिन्छ' भन्नेतर्फ उन्मुख गराउनुपर्ने देखिन्छ।

यसै सन्दर्भमा २०८३ ले डिजिटल शासनलाई मानव–केन्द्रित बनाउनुपर्ने आवश्यकता अझ स्पष्ट हुन्छ। डिजिटल प्रणालीलाई सेवा प्रवाहको गति बढाउने साधनका रूपमा नभई नागरिक अनुभव र पहुँचको समानता सुनिश्चित गर्ने माध्यमका रूपमा विकास गर्नुपर्छ। प्रविधि र समाजबीचको दूरी घटाउन तथा डिजिटल रूपान्तरणलाई समावेशी बनाउन मानवीय दृष्टिकोण अनिवार्य हुन्छ।

अर्थात्, २०८३ नयाँ वर्षको प्रवेशमात्र होइन, बरु प्रविधि–राजनीतिलाई पुनः सोच्ने र पुनः निर्माण गर्ने अवसर पनि हो। अबको मुख्य आवश्यकता प्रविधि र समाजबीच पुनःसंवाद स्थापित गर्नु हो जहाँ विश्वास र संरचनाको सन्तुलनका आधारमा प्रविधि–राजनीतिलाई नयाँ दिशा दिन सकियोस्। यो पुनर्परिभाषा बहसमा सीमित नभई नीतिगत प्रतिबद्धता र नागरिक अनुभवबीचको समन्वयमा रूपान्तरित हुनुपर्छ। विसं २०८२ को महत्वपूर्ण पाठ के हो भने प्रविधिले गणना गर्न सक्छ तर स्वीकार्यता निर्माण गर्न सधैँ सक्षम हुँदैन। एल्गोरिदम र डेटाले परिणामलाई सटीक त बनाए तर समाजको मनोवैज्ञानिक र राजनीतिक स्वीकार्यताको प्रश्न अझै खुला छ। यसरी 'एल्गोरिदमको सत्य' र 'समाजको विश्वास' बीचको दूरी २०८३ को पनि प्रमुख द्वन्द्वका रूपमा उभिएको छ।

यो वर्षको अनुभवले स्पष्ट पारेको छ – प्रविधि आफैँमा समाधान होइन बरु एउटा माध्यममात्र हो। गणना सही भए पनि स्वीकार्यता कमजोर छ भने प्रणाली पूर्ण मानिँदैन। त्यसैले, प्रविधि–राजनीतिले प्रविधिको क्षमतासँगै त्यसले जन्माउने सामाजिक अनुभूति र विश्वासको संरचनामा पनि उत्तिकै ध्यान दिनुपर्छ। अन्त्यमा २०८२ को निष्कर्ष सन्देश यही हो – प्रविधिलाई दक्षतामात्रको दृष्टिले होइन विश्वास, सहभागिता र सामाजिक स्वीकार्यताको कसीमा पनि मूल्यांकन गर्नुपर्छ। यही आधारमा २०८३ को दिशा स्पष्ट हुन्छ जहाँ प्रविधि–राजनीतिले गणनाबाट स्वीकारतर्फ र प्रणालीबाट सम्बन्धतर्फको यात्रालाई ठोस योजना र कार्यान्वयनमार्फत अघि बढाइयोस्। बाह्रखरीबाट

# जग्गा खाली गराउने सूचनाले कमला बजारको सुकुमवासी बस्तीमा त्रास

पुनमदेवी पजियार, प्रमोद साह, देवु रावल र रामनाथ साह मात्र होइन, यहाँ बस्नेहरू कुनै न कुनै नियतिले सुकुमवासी भए। अनि, सुरक्षित र बस्ने थातथलो खोज्दै यहाँ आइपुगे। यो बस्तीमा करिब ४५ परिवार सुकुमवासी छन्। बस्ती खाली गर्ने सूचना टाँसिएपछि बस्तीमा त्रासमा छ।



**शैलेन्द्र महतो**

जनकपुर, १६ वैशाख। धनुषाको गणेशमान चारनाथ नगरपालिका–७ स्थित कमला बजारको सुकुमवासी बस्तीकी ६७ वर्षीया पुनमदेवी पजियार मंगलबार निकै चिन्तित देखिन्थिन्। बसिरहेको स्थानबाट विस्थापित हुनुपर्ने त्रास उनको मनमा थियो। बस्तीको बीचमा रहेको मन्दिरको पिलरमा ३ वैशाखमा टाँसिएको सूचनाले उनलाई त्रसित बनाएको छ। बस्तीको पूर्वपट्टि रहेको कमला सिँचाइ व्यवस्थापन कार्यालयले जारी गरेको उक्त सूचनामा अतिक्रमण गरिएको जग्गा खाली गराउने उल्लेख छ।

सूचनामा भनिएको छ, 'नहर प्रणालीको 'राइट अफ वे' तथा क्याम्पहरूको नापी–नक्सा बमोजिमको जग्गामा अतिक्रमण नगर्न र विगतमा गरिएको अतिक्रमण १५ दिनभित्र हटाउन अनुरोध गराइन्छ। म्यादभित्र अतिक्रमण नहटाइएमा कानुनबमोजिम कारबाही गरिने छ।' यो सूचना देखेपछि पुनमदेवीको चिन्ता झन् बढेको छ। चिन्ताले उनलाई खाना पनि रुच्न छाडेको छ। एक दशकअघि जनकपुरमा भोग्नुपरेको विस्थापनको पीडा फेरि दोहोरिने हो कि भन्ने डरले उनलाई सताएको छ।

'सूचना टाँसेको दिनदेखि म राम्ररी निदाउन सकेको छैन। राति नै आएर घर भत्काइदिन्छन् कि दिउँसो भत्काउँछन्, केही थाहा छैन,' उनले भनिन्। एक दशकअघिसम्म उनको घर जनकपुरधाम उपमहानगरपालिका–१ सीताचोकस्थित रेल्वे स्टेसनको जग्गामा थियो। रेल्वे विस्तारका क्रममा घर भत्काइएपछि उनी सुरक्षित स्थानको खोजीमा कमला बजारको सुकुमवासी बस्तीमा परिवारसहित पुगिन्। हाल उनको सात जनाको परिवार छ। अब फेरि घर भत्काइएपछि कहाँ जाने र कसरी परिवार चलाउने भन्ने चिन्ताले उनलाई पिरोलेको छ।

उनी जस्तै चिन्तित छन् बस्तीका प्रमोद साह। पलदारी गरेर पाँच जनाको परिवार पाल्दै आएका साह ९ वर्षदेखि यस बस्तीमा फुसको घर बनाएर बस्दै आएका छन्। यसअघि उनी १८ वर्ष वीरगञ्जमा भाडामा बसेर मजदुरी गर्थे। छोरी लक्ष्मीको विवाह यतैतिर भएपछि सार्वजनिक जग्गा रहेको जानकारी पाएर यहाँ आएर बस्न थालेको उनको भनाइ छ। प्रमोदको पुर्ख्यौली घर महोत्तरीको पिपरा गाउँपालिका–७ रतौली हो। रोजगारीको खोजीमा दुई पटक विदेश (मलेसिया र कतार) जाँदा पनि उनलाई भाग्यले साथ दिएन। कतारमा कम्पनी बन्द भएपछि तीन महिनामै फर्किनुपर्‍यो भने मलेसियामा काम गर्ने क्रममा घाइते भएपछि फर्किन बाध्य भए। वैदेशिक रोजगारीको ऋण तिर्नकै लागि आफ्नो भागमा परेको पाँच कट्ठा जग्गा र घडेरी बेच्नुपरेको उनले बताए।

'दुई पटक विदेश जाँदा भाग्यले साथ दिएन। त्यसै कारण भएको घर–घडेरी बेच्नुपर्‍यो। १८ वर्ष वीरगञ्ज गएर बसें। यहाँ बस्न पाइन्छ भनेर आएर बस्न थाल्यौं,' उनले भने, 'अब कमला सिंचाइले बस्ती खाली गर्न उर्दी जारी गरेको छ। हामी कहाँ जाने, कसरी बाँच्ने ?' घर भत्काउनुअघि आफूहरूको उचित व्यवस्थापन गरिदिन उनले सरकारसँग आग्रह गरेका छन्। यसै बस्तीका देवु रावलको दिमागमा काठमाडौंका सुकुमवासी बस्तीहरू डोजरले भत्काइरहेको दृश्य दिमागमा घुमिरहन्छ। 'उता डोजरले घर भत्काएको छ। हाम्रो पनि त्यसरी नै भत्काउने हो कि भन्ने शंका लागिरहेको छ,' देवुले भने।

सर्लाहीको सागरनाथ वन विकास परियोजनाको जंगल छेउबाट उनी यो बस्तीमा सरेको ११ वर्ष भयो। 'यहाँ जग्गा खाली छ, बस्न दिन्छ भन्ने थाहा पाएपछि हामी सपरिवार आएका हौं। अब खाली गराउने भन्दै छन्। व्यवस्थापन गरेर भत्काए हुन्थ्यो। त्यसो भएन भने के गर्ने,' रावल भन्छन्। उनी घर बनाउने काम गरेर ७ जनाको परिवार पाल्दै आएका छन्। बस्ती खाली गर्ने सूचनाले ६५ वर्षीय रामनाथ साह पनि डराएका छन्। 'केही दिन अघि सूचना टाँसिएको थियो। अब हाम्रो के हुन्छ ? कहाँ जाने ?,' उनको चिन्ता छ।

उनी यो बस्तीमा आएको ११ वर्ष भयो। सिरहा मिर्चैयाको भगवतपुरमा उनको एक कट्ठा जग्गा थियो। दुई वटा सडक गएपछि उनको जग्गा १० धुर बाँकी बस्यो। त्यो पनि ऋणमा बिक्यो। अनि सुकुमवासी भए। यहाँ बस्ती बस्न दिने कुरा चल्दै थियो, अनि यहाँ आएर बस्न थालेका हुन्। पुनमदेवी पजियार, प्रमोद साह, देवु रावल र रामनाथ साह मात्र होइन, यहाँ बस्नेहरू कुनै न कुनै नियतिले सुकुमवासी भए। अनि, सुरक्षित र बस्ने थातथलो खोज्दै यहाँ आइपुगे। यहाँ करिब ४५ घरपरिवार सुकुमवासी छन्। अहिले बस्ती खाली गर्ने सूचना टाँसले सिंगो सुकुमवासी बस्तीमा त्रासमा छ। कतिपय रातभर सुत्न सकेका छैनन्।

पूर्व–पश्चिम राजमार्गसँगै यो बस्ती टाँसिएको छ। कमला नदीस्थित पोर्ताहामा पर्ने यो बस्तीमा कमला सिंचाई व्यवस्थापन कार्यालयको करिब दुई बिघा जग्गामा बसोबास छ। एक दर्जनभन्दा बढी जातजातिको बसोबास छ। कतिबेला आएर घरमा डोजर लगाइदिने हो भन्ने उनीहरूको चिन्ता छ। काठमाडौंमा सुकुम्बासी बस्ती डोजर र सुरक्षाकर्मी लगाएर खाली गराएको भिडियो, समाचार उनीहरूले मोबाइलमा प्रसस्तै देखेका छन्। उजारेपछि यहाँका बासिन्दा कहाँ जाने, कहाँ बस्ने भन्ने चिन्ताले सबैलाई पिरोलेको बस्तीका अग्रज रामनाथ साहको भनाइ छ।

'हामी वास्तविक सुकुम्बासी हौं। विभिन्न ठाउँबाट आएर यहाँ बसिरहेका छौं। कसैको यहाँको झोपडी बाहेक केही छैन। व्यवस्थापन नगरी उजारेपछि हामी कहाँ जाने भन्ने सबैलाई चिन्ता छ,' उनले सुनाए। हुन त प्रधानमन्त्री बालेन शाहले सार्वजनिक गरेको शासकीय सुधारको १०० वटा बुँदामा अतिक्रमित सार्वजनिक जग्गा खाली गराएर व्यवस्थित गर्ने र सुकुमवासीहरूको पहिचान गरी व्यवस्थापन गर्ने उल्लेख छ। बस्तीकी जुमनी खातुनले पहिला आफूहरूलाई व्यवस्थापन गरिदिन आग्रह गरिन्। 'हामी सुकुमवासी यहाँबाट हटेपछि कहाँ जाने ? पहिला कति दुई–चार धुर जग्गा व्यवस्थापन गरिदेओस् अनि मात्र घर भत्काओस्,' उनी गुहार लगाउँछिन्।

किसुन बस्तीका किसुन पासवन पनि पहिला सुकुमवासीको व्यवस्थापन गरेर मात्र बस्ती उठाउनुपर्ने पक्षमा छन्। 'पहिले घर नै भत्कायो भने हाम्रा बालबच्चा कहाँ बस्छन् ? त्यसकारण पहिले घर बनाइदेओस्। अनि भत्काओस्,' उनको भनाइ छ। कमला सिंचाइ तथा व्यवस्थापन कार्यालयका प्रमुख रंधीरकुमार साहले सुकुमवासी बस्ती खाली गराउन सूचना जारी गरेको स्वीकारे। 'सूचना यो कार्यालयले टाँसेको हो। आफ्नो कार्यालय मातहत पर्ने जग्गाको पहिचान गर्ने काम भइरहेको छ र अतिक्रमित जग्गालाई कसरी व्यवस्थित गर्ने कुरामा कार्यालय अगाडि बढेको छ,' उनले भने। संघीय सरकारले नै परिपत्र गरेपछि आफ्नो जग्गा संरक्षण गर्न यो कदम चालेको उनको भनाइ छ।

# मालपोत अधिकृतसहित सात जनाविरुद्ध भ्रष्टाचार मुद्दा

काठमाडौं, १६ वैशाख। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले रूपन्देहीको सियारी गाउँपालिकामा सरकारी कर्मचारीको मिलेमतोमा नक्कली जग्गाधनी खडा गरी जग्गा नामसारी गरेको अभियोगमा मालपोत कार्यालयका तत्कालीन प्रमुख मालपोत अधिकृतसहित सात जनाविरुद्ध विशेष अदालतमा आरोपपत्र दायर गरेको छ। रूपन्देहीको सियारी गाउँपालिका वडा नं. २ का मृतक बेलर कहारको नाममा रहेको जग्गा फर्जी कागजातका आधारमा अन्य व्यक्तिको नाममा कायम गरेको उजुरीमाथि अनुसन्धान गर्दा भ्रष्टाचार भएको पुष्टि भएपछि आयोगले मुद्दा दायर गरेको हो।

आयोगका अनुसार मालपोत कार्यालय रूपन्देही, भैरहवाका तत्कालीन प्रमुख मालपोत अधिकृत कुमार आचार्य, मालपोत अधिकृत भूमिश्वर ढकाल, नायब सुब्बा राजु शर्मा र खरिदार अजितकुमार साहनीको मिलेमतोमा उक्त अवैध कार्य भएको पाइएको छ। त्यसैगरी सियारी गाउँपालिका वडा नं. २ का तत्कालीन वडाध्यक्ष रामकिशन थारू, वडा सदस्य वृजनारायण यादव र मृतकका भाइ भनिएका बुद्धिराम कहारले आपसी योजनामा मृतक बेलर कहारको वास्तविक हकवाला छोरी सन्जु कहारको हक मेट्ने बदनियत राखेको अनुसन्धानबाट खुलेको छ। अनुसन्धानका क्रममा बुद्धिराम कहारलाई मृतकको भाइ प्रमाणित गर्ने नाता प्रमाणित, सर्जमिन मुचुल्का र चार किल्ला प्रमाणितलगायतका कागजातहरू नक्कली भएको पाइएको छ।

जिल्ला अदालत रूपन्देहीले समेत ती कागजातहरू फर्जी ठहर गरी बदर हुने फैसला गरिसकेको अवस्थामा साविक मैनहिया गाविसका विभिन्न कित्ताका कुल २ बिघा ५ कट्ठा जग्गा बुद्धिराम कहारको नाममा दाखा गर्ने निर्णय गरिएको थियो। सरकारी अभिलेखमा समेत झुट्टा विवरण प्रविष्ट गरी गलत स्रेस्ता र पुर्जा जारी गरेको तथ्य पुष्टि भएपछि आयोगले कारबाहीको प्रक्रिया अगाडि बढाएको हो। आयोगले तत्कालीन प्रमुख मालपोत अधिकृत कुमार आचार्य र मालपोत अधिकृत भूमिश्वर ढकाललाई भ्रष्टाचार निवारण ऐन बमोजिम कैद र जरिवानाको मागदाबी गरेको छ। त्यस्तै, नायब सुब्बा राजु शर्मा, खरिदार अजितकुमार साहनी र वडाध्यक्ष रामकिशन थारूलाई गलत लिखत तयार गरेको अभियोगमा थप सजायको माग गरिएको छ भने वडा सदस्य वृजनारायण यादवउपर पनि कैद र जरिवानाको दाबी गरिएको छ।

नक्कली हकवाला बनेका बुद्धिराम कहारलाई मुख्य कसुरदार सरह नै सजाय हुनुपर्ने मागसहित आयोगले विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरेको प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिनुभएको छ।

# वीरगन्ज हुँदै भित्रियो २६ अर्ब १३ करोडको सवारी साधन र पार्टपुर्जा

वीरगञ्ज,१६ वैशाख। वीरगन्ज नाका हुँदै चालु आर्थिक वर्षको नौ महिनामा रु २६ अर्ब १३ करोड मूल्य पर्ने सवारीसाधन र पार्टपुर्जा भित्रिएको छ। गत आर्थिक वर्षको नौ महिनाको तुलनामा चालु आवको सोही अवधिमा छ अर्ब ९४ करोड अर्थात् ३६.१९ प्रतिशत बढीको आयात भएको हो। जबकि गत आवको नौ महिनामा भने रु १९ अर्ब १९ करोड मूल्य पर्ने सवारी साधन र पार्टपुर्जा भित्रिएको थियो।

वीरगन्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले चालु आवमा सवारीसाधन र सोमा प्रयोग हुने पार्टपुर्जाको आयातमा बढोत्तरी भएको बताए। चालु आवको नौ महिनामा सवारीसाधनमा प्रयोग हुने पार्टपुर्जाको आयातबाट मात्रै रु१८ अर्ब २२ करोड राजस्व सङ्कलन भएको छ। जबकि गत आवको सोही अवधिमा भने सवारीसाधन आयातबाट मात्रै रु १४ अर्ब ८४ करोड राजस्व सङ्कलन भएको थियो।

चालु आवको नौ महिनामा रु एक अर्ब १७ करोड मूल्य पर्ने ५९१ वटा इन्धनबाट चल्ने जीप, कार र भ्यान आयात भएको छ। जबकि गत आवको सोही अवधिमा भने रु एक अर्ब ६६ करोड मूल्य पर्ने ८०५ वटा इन्धनबाट चल्ने जीप, कार र भ्यान आयात भएको थियो। चालु आवको नौ महिनामा रु छ अर्ब ४२ करोड मूल्य पर्ने ४५ हजार ६२० वटा मोटरसाइकल (अन एसेम्वल्ड) आयात भएको छ। जबकि गत आवको नौ महिनामा भने रु चार अर्ब ६७ करोड मूल्य पर्ने ३५ हजार ७९९ वटा मोटरसाइकल (अन एसेम्वल्ड) आयात भएको छ।

त्यस्तै चालु आवको नौ महिनामा रु दुई अर्ब चार करोड मूल्य पर्ने २१ हजार ६३९ वटा ट्याक्टर तथा टिलर आयात भएको छ। जबकि गत आवको नौ महिनामा भने रु एक अर्ब ३५ करोड मूल्य पर्ने १३ हजार ८६१ वटा ट्याक्टर तथा टिलर आयात भएको छ। चालु आवको ९ महिनामा रु दुई अर्ब ९८ करोड मूल्यका विद्युतीय सवारीसाधन भित्रिएको छ। गत आवको नौ महिनाको तुलनामा चालु आवको सोही अवधिमा मूल्यको आधारमा विद्युतीय सवारी साधनको आयात १०२ प्रतिशत अर्थात् रु एक अर्ब ५० करोड बढी आयात भएको हो। जबकि गत आवको नौ महिनामा भने रु एक अर्ब ४८ करोड मूल्यका विद्युतीय सवारीसाधनको आयात भएको छ।

चालु आवको नौ महिनामा रु एक अर्ब ४६ करोड मूल्य पर्ने ४९३ वटा विद्युतीय जीप, कार र भ्यान आयात भएको छ। जबकि गत आवको सोही अवधिमा भने रु ४८ करोड मूल्य पर्ने१७२ वटा विद्युतीय चल्ने जीप, कार र भ्यान आयात भएको थियो।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

# हावाहुरी पीडित परिवारलाई राहत वितरण



**जीवछ यादव**

लहान, १६ वैशाख। हावाहुरीबाट पीडित भएका लहान नगरपालिका-२१, क्लाबञ्जरका मुसहर समुदायलाई लहानका लायन्स क्लब सामुहिक रूपमा राहत वितरण गरिएको छ। लायन्स क्लब अफ फूलबारी, लायन्स क्लब अफ सिटी, लायन्स क्लब अफ सनसाइन र लायन्स क्लब अफ बुद्ध मिलेर पीडित भएक पच्चिस घर परिवारलाई प्रति परिवार चामल तीस किलोग्राम, आलु पाँच किलोग्राम, मटर दुई किलोग्राम, नुन दुई किलोग्राम, खानेतेल एक लिटर, ओछ्याउने र ओछ्याउने तन्ना एक पिस र गुन्द्री एक पिस वितरण गरिएको छ।

लायन्स इन्टरनेसनल डिस्ट्रिक्ट ३२५ अन्तर्गतका लहानका चारवटै लायन्स क्लबले विपदमा परेका परिवारहरूलाई सहयोग गर्दै आइरहेको लायन्स क्लब अफ फूलबारीका अध्यक्ष काशिन्द्रप्रसाद यादवले बताउनुभयो। गएको वैशाख ५ गते आएको हावाहुरीबाट ४२ घर परिवार रहेको मुसहर समुदायमध्ये २५ घर परिवारको घरमा रहेको जस्तापाता उडाउनुको साथै घरमा रहेको खाने अन्न समेतको संकटमा रहेका मुसहर समुदायलाई तत्कालै लहान नगरपालिकाले पहिलो चरणमा खाद्यान्न राहत वितरण गरिएको थियो।

बेघर भएका दलित मुसहर समुदायको घर निर्माणका लागि आर्थिक सहयोग गरिने प्रतिबद्धता लहान नगरपालिका प्रमुख महेशप्रसाद चौधरी र लहान नगरपालिका वडा नम्बर २१ का वडाध्यक्ष राजकुमार यादवले गरेका पीडित सुरजा सदायले बताउनुभयो। त्यस बस्तीका मुसहर समुदाय सुकुमवासी रहेका छन्। वर्षात आउन लागेका पीडित मुसहर समुदायहरूले घर सुरक्षित घर निर्माणको लागि स्थानीय सरकार र सरोकार राख्ने सङ्घ संस्थासँग आग्रह गर्दै आइरहेका छन्।

# पत्नीसहित पौडेलविरुद्ध ६९ करोडको सम्पत्ति शुद्धीकरण मुद्दा

काठमाडौं, १६ बैशाख। विकल पौडेलविरुद्ध सम्पत्ति शुद्धीकरणको मुद्दा दायर भएको छ। पत्नी एलिना बस्नेतसमेतलाई प्रतिवादी कायम गरेर राजस्व अनुसन्धान विभागले सरकारी वकिल कार्यालयमार्फत् बुधबार काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गरेको हो। उनीहरूविरुद्ध कुल ६८ करोड ९४ लाख ६५ हजार २०४ रुपैयाँ बिगो दावी गरिएको छ। विदेशी विनिमयको सम्बद्ध कसुरबाट आर्जित सम्पत्ति शुद्धीकरण गरेको आरोपमा दम्पत्तिविरुद्ध मुद्दा दायर भएको हो।

विभागले दम्पत्तिविरुद्ध नै विदेशी विनिमयको कसुरमा ६२ करोड ६५ लाख ९१ हजार ८९३ रुपैयाँ बिगो दावी गर्दै १४ असोज ०८१ मा काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गरेको थियो। विदेशी विनिमयको कसुरबाट आर्जित सम्पत्तिउपर विभागले अनुसन्धान गरी सम्पत्ति शुद्धीकरणको नयाँ मुद्दा दायर गरेको हो। कसुरबाट आर्जित धनको सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा १ को देहाय खण्ड (क),(ख) र (ग)मा उल्लिखित कार्य गरेको अनुसन्धानबाट पुष्टि हुन आएको आरोपपत्रमा उल्लेख छ।

सम्पत्ति शुद्धीकरणको कसुरमा विकलविरुद्ध ६१ करोड १३ लाख २१ हजार १५३ र पत्नी एलिनाविरुद्ध सात करोड ८१ लाख ४४ हजार ५१ रुपैयाँ बिगो दावी गरिएको छ। हाल जेलमा रहेका पौडेलविरुद्ध दायर भएको यो आठौं मुद्दा हो।

# सुरु भयो सरकारी कर्मचारीलाई १५ दिनमा तलब भुक्तानी

काठमाडौं, १६ वैशाख। सरकारले कर्मचारीलाई १५ दिनमै पारिश्रमिक दिने कार्य सुरु गरेको छ। पाइलट परियोजनाको रुपमा उक्त कार्य आज बुधबारदेखि कार्यन्वयनमा आएको अर्थ मन्त्रालयले जनाएको छ। बुधबार अर्थ मन्त्रालयमा आयोजित एक कार्यक्रमबीच अर्थमन्त्री डा.स्वर्णिम वाग्लेले १५ दिनमै कर्मचारीलाई तलब दिने कार्यको शुभारम्भ गरे।

महालेखा नियन्त्रक कार्यालयका कर्मचारीहरूलाई तलब प्रविष्ट गर्ने प्रणाली कम्प्युटरराइज्ड गभरमेन्ट एकाउन्टिङ सिस्टम (सिगास) मार्फत कोष तथा लेखा नियन्त्रक कार्यालयमा भुक्तानी आदेश पठाई अर्थमन्त्री वाग्लेले १५ दिनमै तलब दिने कार्यको सुरुआत गरेका हुन्। सो आदेशसँगै अर्थ मन्त्रालयका कर्मचारीहरूले वैशाख महिनाको पहिलो अर्धमासिक (१५ दिन)को तलब प्राप्त गरेका थिए।

१५ दिनमै तलब भुक्तानी कार्यको शुभारम्भ गर्दै अर्थमन्त्री वाग्लेले अर्थतन्त्र चलायमान बनाउन सरकारले यस्तो निर्णय गरेको बताए। '१५ दिनमा तलब दिँदा बजार चलायमान हुन्छ। उपभोग र माग दुवै बढ्छ,' अर्थमन्त्री वाग्लेले भने, 'यो पाइलट परियोजनाको रुपमा संघीय निजामती कर्मचारीमा लागु गरिएको हो। विस्तारै सरकारी वेतनधारी सबैले यो सुविधा पाउनेछन्।'

उनले मन्त्रालयले निर्णय गरेको ११ दिनमै प्राविधिक तयारी पूरा गरेर १५ दिनमै तलब दिन मेहनत गरेको भन्दै महालेखा नियन्त्रक कार्यालयलाई धन्यवाद दिए। सो अवसरमा बोल्दै महालेखा नियन्त्रक शोभाकान्त पौडेलले अब विस्तारै प्रदेश तथा अन्य सेवाका सरकारी कर्मचारीले पनि १५ दिनमा तलब पाउने बताए।

१५ दिनमा तलब दिन आफ्नो कार्यालय प्राविधिक रुपमा तयार रहेको भन्दै उनले यसलाई क्रमैसँग अघि बढाउने बताए। उनका अनुसार अहिले रहेको प्रणालीबाट १५ दिन वा एक महिना जुन समयमा कर्मचारीले तलबको माग गर्छन, सोही समयमा तलब दिन सकिन्छ। अर्धमासिक रुपमा कर्मचारीलाई तलब भुक्तानी गर्दा बजारमा नियमित माग सिर्जना हुने र अर्थतन्त्र चलायमान हुने उनको भनाइ छ। यस्तै, यसले उपभोग खर्चको वितरण समान रुपमा फैलिने, साना व्यवसायीहरूको नगद प्रवाहमा वृद्धि हुने महालेखा नियन्त्रक पौडेलले बताए। १५ दिनमा तलब दिँदा सेवा व्यवसायमा सकारात्मक प्रभाव पर्ने र डिजिटल अर्थतन्त्र वृद्धि हुने अपेक्षा गरिएको उनको भनाइ छ।

गत वैशाख ४ गते अर्थमन्त्री डा.स्वर्णिम वाग्लेले सरकारी कर्मचारीलाई हरेक १५ दिनमा तलब खुवाउने कार्य पाइलट परियोजनाका रुपमा अघि बढाउने निर्णय गरेका थिए।

# खुला प्रतिस्पर्धाबाट राजदूत नियुक्ति गर्ने तयारी

काठमाडौँ, १६ वैशाख। सरकारले खुला प्रतिस्पर्धाबाट राजदूत नियुक्ति गर्ने भएको छ। पहिलो पटक खुला प्रतिस्पर्धाबाट राजदूत नियुक्ति गर्न लागिएको हो। यसअघि सन् २०१९ मा तत्कालीन केपी शर्मा ओली नेतृत्वको सरकारले राजनीतिक कोटाबाट नियुक्ति हुने राजदूतका लागि मापदण्ड तोकेको थियो। तर, त्यसपछिका सरकारहरूले उक्त मापदण्ड पटक-पटक उल्लंघन गर्दै आएका छन्। नेपालमा दुई प्रक्रियाबाट राजदूत नियुक्ति हुँदै आएको छ। पहिलो, परराष्ट्र मन्त्रालयमा कार्यरत 'करियर डिप्लोम्याट' मध्येबाट र दोस्रो सत्तारूढ दलले छानेका व्यक्तिहरूमध्येबाट। 'राजदूत नियुक्तिसम्बन्धी निर्देशिका, २०७५' ले कुल रिक्त राजदूत पदमा कम्तीमा ५० प्रतिशत परराष्ट्र सेवाबाट र बाँकी ५० प्रतिशत राजनीतिक नियुक्ति गर्ने व्यवस्था छ। तर, मन्त्रालयका अधिकारीहरूले यस पटक 'करिअर डिप्लोम्याट' बाट ५० प्रतिशतभन्दा बढी नियुक्ति गर्न माग गरेका छन्।



परराष्ट्रमन्त्री शिशिर खनालले मन्त्रालयका वरिष्ठ अधिकारीहरूसँगको भेटमा खुला प्रतिस्पर्धाबाट राजदूत पदपूर्ति गर्न छिट्टै विज्ञापन आह्वान गरिने संकेत गरेको अधिकारीहरूले बताए। यद्यपि, विज्ञापन कहिले खुल्छ भन्ने निश्चित नभएको उनीहरूको भनाइ छ। खनालले सोमबार मन्त्रालयका उच्च अधिकारीहरूसँगको छलफलमा केही राजदूत पदमा खुला प्रतिस्पर्धाबाट नियुक्ति गरिने घोषणा गरेका हुन्। तर, मन्त्री खनालले त्यसको विस्तृत योजना भने खुलाएनन्। मन्त्रालयका अधिकारीहरूका अनुसार परराष्ट्र सेवाबाट राजदूत चयन गर्न मन्त्री खनालले सहसचिवहरूमध्येबाट सम्भावित उम्मेदवारहरूको प्रारम्भिक सूचीमा गृहकार्य थालिसकेका छन्।

ती अधिकारीहरूका अनुसार मन्त्री खनालले खुला प्रतिस्पर्धाबाट राजदूत नियुक्ति गर्ने विषयमा प्रधानमन्त्री वालेन्द्र शाहको समेत सहमति लिइसकेका छन्। त्यस्तै परराष्ट्र सचिवका लागि भारत र चीनस्थित नेपाली नियोगमा काम गरेको अनुभव पूर्वसर्त रहने पनि मन्त्री खनालले उच्च अधिकारीहरूसँगको छलफलमा बताएका छन्।

खुला प्रतिस्पर्धाका लागि गरिने विज्ञापनमा आकांक्षीहरूको उमेर, अनुभव र शैक्षिक योग्यताजस्ता विवरणहरू माग गरिनेछ। यसका साथै पुस्तक प्रकाशन, लेख र अनुसन्धान पत्रजस्ता अतिरिक्त योग्यताहरूका रूपमा लिइनेछ। परराष्ट्रका अधिकारीहरूका अनुसार विज्ञापन सम्भवतः अर्को हप्तासम्म हुनेछ। काठमान्डू पोस्ट (कान्तिपुरको सहप्रकाशन) ले सम्पर्क गरेका मन्त्रालयका तीन सहसचिवहरूका अनुसार राजदूत पदलाई पहिले 'करिअर' र राजनीतिक कोटामा बाँड्ने र त्यसपछि खुला प्रतिस्पर्धाबाट छानिएकाहरूलाई 'राजनीतिक' श्रेणीमा नियुक्ति दिने मन्त्री खनालको योजना छ। खुला प्रतिस्पर्धाबाट राजदूत छनोट हुनु नयाँ कार्यको थालनी भए पनि त्यसले योग्य व्यक्ति नियुक्ति हुने 'ग्यारेन्टी' भने नगर्ने एक पूर्वकूटनीतिज्ञको भनाइ छ।

# विराटनगर जुट मिल्सको जग्गा खाली गर्ने सूचनाको विरोधमा स्थानीय

## मिल्स प्रशासनका अनुसार उद्योगको स्वामित्वमा रहेको करिब १४ बिघा क्षेत्रफलमा अनधिकृत बसोबास छ। विशेषगरी मिल्सको दक्षिण गेट, हाटताली हाट र हरिनगरा भट्टा क्षेत्रमा करिब ६०० परिवारको बसोबास रहेको अनुमान गरिएको छ।

विराटनगर, १६ वैशाख। विराटनगर जुट मिल्सको स्वामित्वमा रहेको जग्गा खाली गराउने सरकारको तयारीप्रति स्थानीयले विरोध जनाएका छन्। संघीय सरकारको नीतिअनुसार अनधिकृत बसोबास हटाउने प्रक्रिया अघि बढेपछि वर्षौंदेखि त्यहाँ बस्दै आएका परिवारहरू आक्रोशित भएका हुन्। बुधबार विराटनगरको हाटताली हाटमा भेला भएका स्थानीयले उचित विकल्प नदिई आफूहरूलाई हटाउन नमिल्ने बताए। उनीहरूले दशकौँदेखि बसोबास गर्दै आएको थातथलोबाट विस्थापित नगर्न सरकारसँग माग गरे।

स्थानीय बासिन्दा रुस्तम अलीले वर्षौंदेखि बस्दै आएकालाई सरकारले वैकल्पिक व्यवस्था नगरी हटाउन नमिल्ने बताए। उनले भने, 'बसोबास गर्दै आएको स्थान छेड्दैनौं।' मिल्स प्रशासनका अनुसार उद्योगको स्वामित्वमा रहेको करिब १४ बिघा क्षेत्रफलमा अनधिकृत बसोबास छ। विशेषगरी मिल्सको दक्षिण गेट, हाटताली हाट र हरिनगरा भट्टा क्षेत्रमा करिब ६०० परिवारको बसोबास रहेको अनुमान गरिएको छ। बस्तीसँगै सडक किनारामा रहेका ३० वटा पसल र व्यावसायिक संरचनाहरू पनि हटाउने तयारी छ। विराटनगर जुट मिल्स सञ्चालक समितिका अध्यक्ष राजेन्द्र कार्कीले सरकारी सम्पत्तिको संरक्षण गर्ने नीतिअनुसार नै यो कदम चालिएको बताए। १९९३ सालमा स्थापना भएको विराटनगर जुट मिल्स नेपालकै पहिलो आधुनिक उद्योग हो। यही उद्योगको स्थापनापछि मोरङ-सुनसरी औद्योगिक करिडोरको जग बसेको थियो। मुलुकभर औद्योगिकी करणको लहर पनि यहीँ उद्योग स्थापनापछि सुरु भएको थियो। २००७ सालको प्रजातान्त्रिक आन्दोलनको सुरुवात पनि यही मिलबाट भएको थियो। बुधबार रास्वपा सांसद तथा कोषाध्यक्ष लिमा अधिकारी जुट मिल्स परिसर पुगेकी थिइन्। उनीसँग स्थानीयले मिलको संरक्षण गरेर बसेकाहरूलाई हटाउन लागेको भन्दै विरोध गरे। मिलमा काम गर्ने मजदुरको परिवार वर्षौंदेखि बसोबास गरिरहेको भन्दै उनीहरूले मिल सञ्चालन गर्न माग गरे। तर वस्ती हटाउन नमिल्ने तर्क गरे।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)